# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ईटाभट्टा, झापा
## कोशी प्रदेश, नेपाल

प.सं. ०८२।०८३
च.नं. 4866

मिति २०८३/३/२

**सहकारी संस्थाका ऋणी सदस्यहरूलाई ऋणको सावाँ-ब्याज भुक्तानी गर्ने सम्बन्धमा जरुरी सूचना ।**

नेपाल सरकारद्वारा हालै जारी गरिएको सहकारी सम्बन्धी अध्यादेश, सहकारी विभाग तथा सहकारी नियमन प्राधिकरणका पछिल्ला निर्देशनहरूले सहकारी क्षेत्रको स्थायित्व, बचतकर्ताको रकमको सुरक्षा र वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिएको छ। सहकारी ऐन तथा प्रचलित कानुनी व्यवस्था बमोजिम सहकारी संस्थाबाट ऋण लिने प्रत्येक सदस्यको मुख्य दायित्व संस्थासँग गरिएको सम्झौता र शर्त बमोजिम किस्ता भुक्तानी गर्नु हो ।

विगत केही समययता बजारमा फैलिएका नकारात्मक भ्रम वा गलत बुझाइका कारण "सहकारीको ऋण तिर्नु पर्दैन" भन्ने जस्ता गैरजिम्मेवार हल्लाहरूको पछि लागेर केही ऋणीहरूले नियतवश ऋण भुक्तानी नगरेको भन्ने बिषय समेत सुन्नमा आएको छ। सहकारी संस्थाका ऋणी सदस्यहरूलाई ऋणको सावाँ-ब्याज भुक्तानी गर्ने सम्बन्धमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

१. सहकारी संस्थामा रहेको रकम कुनै व्यक्ति विशेषको नभई तपाई हाम्रै छरछिमेकी, किसान, मजदुर र सर्वसाधारण सदस्यहरूको दुःखजिलो गरी जम्मा गरेको बचत हो । तसर्थ, लिएको ऋणको सावाँ-ब्याज भुक्तानी गर्नु सदस्य ऋणीको कानुनी र नैतिक दायित्व हो ।

२. अध्यादेश र विभागको निर्देशन बमोजिम जानाजानी ऋण नतिर्ने ऋणीहरूलाई कालोसूचीमा राख्ने, उनीहरूको चल-अचल सम्पत्ति रोक्का गर्ने, बैंक खाता तथा राहदानी (पासपोर्ट) रोक्का गर्ने र राज्यबाट प्राप्त हुने सेवा सुविधाहरूबाट वञ्चित गर्ने सम्मका कानुनी कारबाही अगाडि बढाउन नेपाल सरकार र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनका बिषयमा विदितै छ।

३. वित्तीय असहजताका कारण समस्या परेको भए, सम्बन्धित सहकारी संस्थाको कार्यलयमा सम्पर्क राखी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशनको परिधिभित्र रही समस्या समाधानका अन्य उपायहरू खोज्न समेत अनुरोध गरिन्छ ।

अतः मेचीनगरको सहकारी अभियानलाई स्वच्छ, मर्यादित र सुरक्षित राख्नका लागि सम्पूर्ण ऋणी सदस्यहरूले आ-आफ्नो संस्थामा तुरुन्त सम्पर्क राखी आफुले तिर्नुपर्ने बाँकी बक्यौता/किस्ता बुझाई जिम्मेवार सदस्यको परिचय दिनुहुन यस नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाहरूमा आबद्ध आदरणीय ऋणी सदस्य महानुभावहरूमा यो सूचना जारी गरिएको छ ।

..........................
दीपेन्द्र कार्की
प्रमुख, आर्थिक विकास शाखा

दिपेन्द्र कार्की
प्रमुख,आर्थिक विकास शाखा

CamScanner